बैठक संख्या: ३८।२०८२
बैठक मिति:२०८२।०१।०८दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।०१।०८ गते सोमबार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ वास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री बासुदेव माझी | का.वा.वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री प्रमोद कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत | |

(२१) राम भरोसे रौतिया (वडा सदस्य-१

बैठक संख्या: ३८/२०८२
बैठक मिति:२०८२।०१।०८दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थितिः कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री सुमन पौडेल | अधिकृत | |
| २ | श्री प्रबिन साह | सब-इन्जिनीयर | |
| ३ | किरण चौधरी | का.स | किरण |
| ४ | निरज चौधरी | स.क.अ. | |

**प्रस्तावहरु.**

१.प्रस्ताव नं. १ : ०८१/८२ योजना तथा कार्यक्रमको सम्झौताको म्याद थप गर्ने सम्वन्धमा ।

२.प्रस्ताव नं. २ : प्रदेश समपुरक योजना छनौट सम्वन्धमा।

३.प्रस्ताव नं. ३ : विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल गर्दा १६ औ र १७ औ नगर सभाले निर्णय गरेका योजना तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा २०८१ चैत्र मसान्त सम्म सम्झौताको म्याद तोकिएकोमा सबै योजना तथा कार्यक्रमहरु सम्झौता भइ नसकेको हुँदा त्यस्ता योजना तथा कार्यक्रमको सम्झौता गर्ने म्याद २०८२ बैशाख मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रदेश समपुरक अनुदान बाट सञ्चालन हुने गरी देहायका योजनाहरु छनौट गरी पठाउने निर्णय गरियो ।

(क) वडा नं. ७ क्याप्टेन चौक देखि हरियाली जाने बाटो कालोपत्रे

(ख) वडा नं. ५ क्षेत्रीय कारागार झुम्काको ढल निकास

**निर्णय नं. ३ (क)**

प्रस्ताव नं. ३ (क) माथी छलफल गर्दा पुर्वाञ्चल कन्स्ट्रक्सन मेटेरियल इण्डष्ट्रज प्रा.ली. ले IEE प्रक्रिया अगाडी वढाएको तर प्रतिवेदन प्राप्त भइनसेको भनि निवेदनमा उल्लेख गरि उद्योग सञ्चालन गर्न अनुमति

CamScanner

बैठक संख्या: ३८।२०८२
बैठक मिति:२०८२।०१।०८दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

माग गरेकोमा हाल उक्त उद्योगलाई २०८२ अषाढ मसान्त सम्मका लागि सञ्चालनका लागि हाललाई अस्थाई अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं. ३ (ख)**

प्रस्ताव नं. ३(ख) माथि मा छलफल गर्दा रामधुनी नगरपालिका ३ नं. वडा कार्यालयको च.नं.२२०७ मिति २०८२/०१/०८ गतेको पत्रबाट रामधुनी नगरपालिका वडा नं. स्थित डम्पिङसाइट छेउको सेहरा खोलामा बर्षायाममा आउने बाढीले कटान गरी डम्पिङसाइटलाई असर पर्ने भएको हुँदा उक्त स्थानमा ग्याभिन बक्स लगाइदिनुहुन भनि अनुरोध भइ आएकोले डम्पिङसाइटमा ग्याभिन बक्स लगाई कटान न्युनिकरण गर्न विपद्व्यवस्थापन शिर्षकको रु १००००००।अक्षरेपी दशलाख मध्येबाट खर्च हुनेगरी निर्माण कार्य गराउने निर्णय गरियो ।

**निर्णय नं. ३ (ग)**

प्रस्ताव नं. ३ (ग) माथि छलफल गर्दा सुनसरी सामुदायिक वन उपभोक्ता समुह रामधुनी ७ लाई रा.स. तालको अधुरो प्रवेश द्वार निर्माण गर्नका लागि रु ५०००००।-अक्षरेपी पाँच लाख रुपैया मात्र मर्मत संभार कोषबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३ (घ)**

प्रस्ताव नं. ३(घ) माथि छलफल गर्दा रामधुनी नगरपालिका वडा नं.५ को प.स. ०८१/८२ च न २०२४ मिति २०८२/०१/०८ को पत्रबाट थारु कल्याणकारी मार्गमा नाला निर्माणका लागि अनुरोध भइ आएकोले उक्त कार्यको लागि रु १०००००।–अक्षरेपी एकलाख रुपैया मात्र मर्मत संभारकोष बाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३ (ङ)**

प्रस्ताव नं. ३(ङ) माथि छलफल गर्दा रामधुनी नगरपालिका वडा नं. ९ निवासी श्री वुधनी ठाकुरले मिति २०८१ चैत्र २३ गते शुक्रवारका दिन १२ बजे आगलागि भइ घर भत्र रहेका नगदी तथा जिन्सी सामाग्रीहरु नष्ट भएकोले आर्थिक सहयोग गरिदिनुहुन भनि निवेदन पेश गर्नु भएको र वडा कार्यालय समेतको सिफारिस आएको हुँदा रु १००००।-दश हजार मात्र आर्थिक सहयोग उपलव्ध गराउने निर्णय गरियो ।



CamScanner

बैठक संख्या: ३८।२०८२
बैठक मिति:२०८२।०१।०८दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**<u>निर्णय नं. ३ (च)</u>**

प्रस्ताव नं. ३(च) माथि छलफल गर्दा रामधुनी नगरपालिका वडा नं. ३ को प.स. ०८१/८२ च न २१३८ मिति २०८१/१२/३१ को पत्रबाट एकता मार्गमा पानी निकासाका लागि बाटोको दुवै तर्फ ड्रेन निर्माणका लागि अनुरोध भइ आएकोले उक्त कार्यको लागि रु ५०००००।– अक्षेरपी पाँचलाख रुपैया मात्र मर्मत संभारकोष बाट उपलव्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. ३ (छ)</u>**

प्रस्ताव नं. ३(छ) माथि छलफल रामधुनी भेट्रान, रामधुनी नगरपालिका, झुम्का सुनसरीलाई प्रथम रामधुनी मेयरकप भेट्रान फुटवल प्रतियोगिता २०८१ आयोजना गर्दा अपुग भएको रकम रु ५००००।– अक्षेरपी रु पचास हजार मात्र शिक्षा तर्फको विद्यालय अनुदान शिर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. ३ (ज)</u>**

प्रस्ताव नं. ३(ज) माथि छलफल गर्दा रामधुनी नगरपालिका वडा नं. ५ निवासी श्री धनमाया राउतले आर्थिक अवस्था ज्यादै न्यून भएकोले आर्थिक सहयोग गरिदिनुहुन भनि निवेदन पेश गर्नु भएको र वडा कार्यालय समेतको सिफारिस आएको हुँदा रु १५०००।-पन्ध्र हजार मात्र आर्थिक सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. ३ (झ)</u>**

प्रस्ताव नं. ३ (झ) माथि छलफल गर्दा रामधुनि नगरपालिकामा कार्यको चाप तथा कार्यालय सहयोगीको अभाव रहेकोले कार्यालयको काममा छिटो छरितो सम्पन्न गर्न डोर हाजिरमा कार्यालय सहयोगीको सबै सेवा सुविधा पाउने गरी शिशिर गुरागाईलाई राख्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ३ (ञ)</u>**

प्रस्ताव न ३(ञ) माथि छलफल गर्दा नगर प्रहरी पदपुर्ति समितिको मिति २०८१/१२/१३ गतेको सिफारिस अनुसार यस नगरपालिकामा २०७४ सालबाट करार तथा ज्यालादारी सेवामा नियुक्ति पाई अविच्छिन्न रुपमा हाल सम्म सेवारत रहेका तपसिलका सुरक्षागार्डहरुलाई २०८२/०१/०१ गतेबाट लागु हुने गरी रामधुनी नगरपालिकाको नगर प्रहरी ऐन २०८१ को दफा ४३ को उपदफा २ बमोजिम नगर प्रहरीको समान पद प्रहरी जवान सहायक स्तर दोस्रो तह/ पदमा समायोजन गर्ने निर्णय गरियो ।

CamScanner

बैठक संख्या: ३५।२०८२
बैठक मिति:२०८२।०१।०८दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

तपसिल

| क्र.स. | नाम/थर | ठेगाना | नियुक्तिको प्रकार | हालको पद | समायोजन हुने पद | तह |
|---|---|---|---|---|---|---|
| १ | श्री भोजनलाल चौधरी | रामधुनि १ सुनसरी | करार सेवा | सुरक्षा गार्ड | नगर प्रहरी जवान | स.दोस्रो |
| २ | श्री चुडानाथ दाहाल | रामधुनि १ सुनसरी | करार सेवा | सुरक्षा गार्ड | नगर प्रहरी जवान | स.दोस्रो |
| ३ | श्री सुजन लामा | रामधुनि १ सुनसरी | करार सेवा | सुरक्षा गार्ड | नगर प्रहरी जवान | स.दोस्रो |

**निर्णय नं. ३(ट)**

प्रस्ताव नं. ३(ट) माथि छलफल गर्दा आ.ले.प. अधिकृत श्री विनय परियारलाई आ.ले.प.को कार्य गरे वापत खाजा /खानाको लागि थप रु १५०००।–पन्ध्र हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३(ठ)**

प्रस्ताव नं. ३ (ठ) माथि छलफल गर्दा स्थानिय तहस्तरिय भूमि समस्या सहजीकरण समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो ।

देहाय

(क) संयोजक –नगर प्रमुख श्री शंकरलाल चौधरी
(ख) उप-संयोजक- नगर उपप्रमुख श्री तारा थापा
(ग) सदस्य –नेपाली काँग्रेस प्रतिनिधी
(घ) सदस्य –नेपाल कम्युनिष्ट पार्टी एमाले प्रतिनिधी
(ङ) सदस्य - ने क पा माओवादी प्रतिनिधी
(च) सदस्य –रा.स्व.पा.प्रतिनिधि
(छ) सदस्य –रा.प्र.पा. प्रतिनिधि
(ज) सदस्य-एकिकृत समाजवादी पार्टि प्रतिनिधि
(झ) सदस्य -कार्यापालिका सदस्य श्री पुनम वि.क.
(ञ) सदस्य –कार्यपालिका सदस्य श्री राजन साह

५

CamScanner

बैठक संख्या: ३८।२०८२
बैठक मिति:२०८२।०१।०८दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

(ट) सदस्य – श्री नारायण प्रसाद काफ्ले
(ठ) सदस्य – श्री विश्व वहादुर कार्की
(ड) सदस्य – श्री राजेश लिम्वु
(ढ) सदस्य सचिव श्री प्रमोद कुमार चौधरी (प्र प्र अ)

**निर्णय नं. ३(ड)**

निर्णय नं. ३ (ड) माथी छलफल गर्दा रामधुनी नगरपालिकावाट यस आ व ०८१/८२ मा आव्हान भएका तपसिलका ठेक्काहरु पुन ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

तपसिल

| S.N | Contract No. | Description of Work |
|---|---|---|
| 1. | RMY/NCB/24/081/082 | Ramdhuni mandir janey mul sadak ramdhuni nagarpalika wada no 4 sub division ban karyalaya dekhi ramdhuni mandir samm sadak kalopatre marmat |
| 2. | RMY/NCB/28/081/082 | Shah Toll Baat Panchmukhi Toll Jane Bato Kalopatre Ramdhuni-08 |

**निर्णय नं. ३(ढ)**

प्रस्ताव नं. ३(ढ) माथि छलफल गर्दा रामधुनि नगरपालिका वडा नं. ६ मा रहेको शंकरवेली तालको गेट सँग जोडीएको ठाउँमा चारथान होमपाइप विपद व्यवस्थापन कोषबाट खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३(ण)**

प्रस्ताव नं. ३(ण) माथि छलफल गर्दा रामधुनी नगरपालिका वडा नं. ५ स्थित राधाकृष्णमार्ग मा माटो पुर्नका लागि रु १०००००। अक्षरेपी एक लाख रुपैया मात्र मर्मतसंभार कोषबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३(त)**

प्रस्ताव नं. ३(त) माथि छलफल गर्दा रामधुनी नगरपालिका वडा नं. ७ स्थित इमानसिंह चेम्जोङ पार्क भित्र मन्दिर निर्माणको लागी आ व २०८१/८२ को सभावाट रु ३ लाख भुलवस विनियोजन भएकोमा उक्त योजना संसोधन गरी रा.स.ताल भित्र रहेको भिमसेनथान मन्दिर निर्माण गर्ने निर्णय गरियो ।

CamScanner

बैठक संख्या: ३८।२०८२
बैठक मिति:२०८२।०१।०८दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं. ३(थ)**

प्रस्ताव नं. ३(थ)माथि छलफल गर्दा रामधुनि नगरपालिका र अमेरिकाको वासिङ्टन डि.सी. सँग भगिनी सम्वन्ध सुमधुर रुपमा स्थापित गर्नका लागि तपसिलका व्यक्तिहरुलाई नगरपालिकाले कुनैपनि पारिश्रमिक नदिइ सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

(क) श्री रमेन्द्र पौडेल रामधुनी ३
(ख) श्री गणेश गुरागाई रामधुनी ७

**निर्णय नं. ३(द)**

प्रस्ताव नं. ३(द) माथि छलफल गर्दा रामधुनी नगरपालिका वडा नं. ९ धुराहा जाने बाटोमा पानी निकासाको निमित्त ३ थान होमपाइप विपद व्यवस्थापन कोषबाट खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३(ध)**

प्रस्ताव नं. ३ (ध) माथि छलफल गर्दा रामधुनी नगरपालिका वडा नं. १ चतरा खनार नहर खण्डको हनुमान मन्दिर नजिक नहरमा रेलिङ लगाउने र उक्त नहर खण्डको हक्राहा खोलाको दुवैपट्टी रेलिङ लगाउन रु २०००००। अक्षरेपी दुइलाख मात्र विपद व्यवस्थापन कोषबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३(न)**

प्रस्ताव नं. ३(न) माथि छलफल गर्दा रामधुनी नगरपालिका वडा नं. ५ स्थित कृष्ण अधिकारीको घर देखि हेमे अधिउकारीको घर जाने बाटो नाला निर्माणका लागि रु १०००००। अक्षरेपी एक लाख रुपैया मात्र मर्मतसंभार कोषबाट उपलव्ध गराउने निर्णय गरियो ।